# नीलकण्ठ राजपत्र

## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८) धादिङवेसी, धादिङ (संख्याः ८ मितिः २०८१।०८।१२

**भाग - १**

नीलकण्ठ नगरपालिकाको सूचना

## नीलकण्ठ नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०७४

नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४ मा भएको व्यवस्थामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) **नीलकण्ठ नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०७४** रहेको छ ।

(२) यो ऐन नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा १० मा उल्लिखित व्यहोरामा 'जानकारी' शव्दको अगाडी "**अनिवार्य**" शव्द थप गरी बनेको बाक्यलाई उपदफा (१) बनाई सोमा राखिएको र देहाय बमोजिम हुने गरी उपदफा (२) थप गरिएको छः-

"उपदफा (१) बमोजिमको नीलकण्ठ नगरपालिका भन्दा बढी कार्यक्षेत्र राखी सञ्चालनमा रहेका संस्थाहरुले नगरपालिकाको कार्यक्षेत्रभित्र मात्र सिमित भई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रियाबाट कार्यक्षेत्र निर्धारण गर्न सकिनेछ"।

३. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ११ को उपदफा १ को खण्ड 'घ' पछी देहाय बमोजिम हुने गरी खण्ड 'ङ' थप गरिएको छः-

"**(ङ)** वित्तिय सहकारीः बचत तथा ऋणको मात्र कारोबार गर्ने संस्था वा त्यस्ता संस्थाहरुको हित प्रवर्द्धनका लागि गठन भएका संघ"

४. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा २० को उपदफा १ मा 'अठार वर्ष' को सट्टामा "सोह्र वर्ष" राखिएको र सोही उपदफा को खण्ड 'च' पछी देहाय बमोजिम हुने गरी खण्ड 'छ' थप गरिएको छः-

"**(छ)** संस्थाको कार्यक्षेत्र भित्र वसोवास गरिरहेको"

५. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ३० को उपदफा २ को "कम्तिमा तेतिस प्रतिशत महिला" भन्ने वाक्याश पछाडी **"र १० प्रतिशत युवा"** भन्ने वाक्याश थप गरिएको छ।

६. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ३३ मा खण्ड 'च' पछी देहाय बमोजिम हुने गरी खण्ड 'छ' थप गरिएको छः-

"**(छ)** निजले संस्थाबाट लिएको ऋणको भाखा नाघेमा"

७. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ३७ को उपदफा (१) को "योग्यता पुगेका" भन्ने वाक्याश पछाडी **"उपलब्ध भएसम्म कम्तिमा एकजना महिला हुनेगरी"** भन्ने वाक्याश थप गरिएको र उपदफा (२) पछी देहाय बमोजिमको उपदफा (३) थप गरिएको छः-

"**(३)** उपदफा (१) बमोजिमको लेखा सुपेरीवेक्षण समितिको संयोजक उपलब्ध भएसम्म लेखासंग सम्बन्धित विषयलिई अध्ययन गरेको वा लेखा सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्नेछ।"

८. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ३९ को उपदफा (८) पछी देहायबमोजिमको उपदफा (९) थप गरिएको छः-

"**(९)** सहकारी सदस्यले सहकारी संस्थामा दश लाख रुपैयाँ भन्दा बढी रकम जम्मा गर्दा त्यस्तो रकमको स्रोत खुलाउनुअनिवार्य हुनेछ। स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्नेछैन।"

९. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ४१ मा उल्लिखित "तीस लाखसम्म" भन्ने वाक्याशको सट्टा **"सङ्घीय कानूनले तोके बमोजिम"** भन्ने वाक्याश राखिएको छ।

१०. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ४३ को उपदफा (३) को सट्टामा देहाय बमोजिमको उपदफा (३) राखिएको र उक्त उपदफा (३) पछी देहाय बमोजिमको उपदफा (४) राखिएको छ।

"**(३)** संस्था वा संघले आफूले गरेको आर्थिक कारोबारहरुको लेखा प्रचलित नियम बमोजम दोहोरो लेखा प्रणाली अनुसार राख्नुपर्नेछ।"

"(४) उपदफा (३) बमोजिम अभिलेख व्यवस्थित गर्दा सम्बन्धित निकायबाट स्वीकृती प्राप्त वा संबन्धित माथिल्लो छाता संघले सिफरिस गरेको आन्तरिक राजश्व विभागबाट स्वीकृत लेखा

सम्बन्धी सफ्टवेयर प्रयोग गरी राख्न सकिनेछ। यसरी सफ्टवेयर प्रयोग गरी राखिएको अभिलेखको प्रारम्भिक अभिलेख (गौश्वारा भौचर) प्रत्येक दिन मुद्रण गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्ने व्यवस्था मिलाउनुपर्नेछ।"

११. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ५० को उपदफा (२) को प्रतिवन्धनात्मक वाक्यमा रहेको "शेयर पूँजीको अठार प्रतिशत" भन्ने वाक्याशको सट्टा **"सङ्घीय कानूनले तोकिदिए बमोजिम"** भन्ने वाक्याश राखिएको छ।

१२. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ७७ उपदफा (१) को खण्ड (च) मा रहेको "बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरुले" भन्ने वाक्याशको सट्टा **"सङ्घीय कानूनले तोकिदिए बमोजिमका सदस्यहरुले"** भन्ने वाक्याश राखिएको छ।

१३. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ८१ को उपदफा (१) मा रहेको "शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी" भन्ने वाक्याशको सट्टा **"सङ्घीय कानूनले तोकिदिए बमोजिम भन्दा बढी"** भन्ने वाक्याश राखिएको छ।

१४. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ९९ पछी देहाय बमोजिमको दफा **९९क** र **९९ख** राखिएको छ।

**"९९ क** बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरि बचत तथा ऋण कारोवारको सूचना आदान प्रदान गर्नुपर्ने र निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्यको रुपमा सदस्यता लिनुपर्नेछ।"

**"९९ ख** सहकारी संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा संस्थाको व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको योग्यता सम्बन्धमा नगर कार्यपालिकाले छुट्टै मापदण्ड वा निर्देशका बनाइ लागु गर्न सक्नेछ।"

**आज्ञाले,**
**पुरुषोत्तम सुवेदी,**
**प्रमुख प्रशासकीय अधिकृत**